(सोह्रौं बैठक)

आज मिति २०८० वैशाख ३१ गतेका दिन यस भोटेकोशी गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहायका विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

१. अध्यक्ष : श्री पासाङ नुर्पु शेर्पा

२. सदस्य : श्री दिछेन शेर्पा

३. सदस्य : श्री साङवु लामा

४. सदस्य : श्री कुमार श्रेष्ठ

५. सदस्य : श्री निमा सोना शेर्पा

६. सदस्य : श्री टासी शर्पा

७. सदस्य : श्री दावा त्यम्वा तामाङ

८. सदस्य : श्री आङ छिरिङ शेर्पा

९. सदस्य : श्री बच्चु धतानी

१०. सदस्य : श्री जमुना थामी

११. सदस्य : श्री पम्फा वि.क.

१२. सदस्य : श्री रुपा रिमाल लाम्गाते

१३. सदस्य : श्री निमि शेर्पा

१४. सदस्य सचिव : श्री भद्र बहादुर बस्नेत (प्र.प्र.अ)

आमन्त्रित/सहयोगी कर्मचारीहरु :

- श्री नवराज खत्री (शाखा अधिकृत)
- श्री भवानी प्रसाद मिश्र, लेखा अधिकृत
- श्री बिजेन्द्र कुमार श्रेष्ठ, शिक्षा अधिकृत
- श्री पुष्प प्रसाद फयाजुली, सब-इन्जिनियर
- श्री भुपेन्द्रलाल श्रेष्ठ, [illegible]
- श्री रचना कार्की, अ.न.मी.
- श्री गंगा सागर पाडेल, I.T officer.

भोटेकोशी गाउँपालिका
फुलपिङकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

**प्रस्तावहरु :**

१. आधारभूत अस्पताल डि.पि.आर. को लागि बजेट सम्बन्धमा ।
२. आ.ब. २०८०/०८१ को लागि अनुमानीत श्रोत सम्बन्धमा ।
३. वडागत योजनाहरुको छनौट सम्बन्धमा ।
४. आ.ब. २०७९/०८० को योजनाहरुको भुक्तानी सम्बन्धमा ।
५. रकमान्तर सम्बन्धमा ।
६. गाउँपालिका प्रशासकीय भवनको अन्तिम भुक्तानी सम्बन्धमा ।
७. भोटेकोशी पावर कम्पनी प्रा.लि. को समहमती कायान्वयनको लागि आवश्यक विवरण सम्बन्धमा ।
८. गाउँपालिका भित्रका सडक सरसफाईमा प्रयोग भउको मेशिन भाडा भुक्तानी सम्वन्धमा ।
९. गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
१०. परामर्श सेवा खरिद सम्बन्धमा ।
११. रेन गञ्ज स्टेशन (Rain Gauze Station) राखे सम्बन्धमा ।
१२. शिर्षक परिवर्तन सम्बन्धमा ।
१३. विविध सम्बन्धमा ।

**निर्णयहरु**

१) भोटेकोशी गाउँपालिकामा आधारभूत अस्पताल भवन निर्माण गर्न माटो परिक्षण सहित डि.पि.आर. गरी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गरे पछि भवन निर्माण स्वीकृत हुने हुँदा उक्त आधारभूत अस्पतालको भवन निर्माणको लागि डि.पि.आर. गर्न स्वास्थ्य आपतकालिन कोषबाट भुक्तानी हुने गरी रु १५ लाख (पन्ध्र लाख मात्र) बजेट विनियोजन गर्ने निर्णय गरियो ।

२) यस भोटेकोशी गाउँपालिकाको आगामी आ.ब. २०८०/८१ को बजेट निर्माणको लागि संघीय सरकार र प्रदेश सरकाबाट प्राप्त अनुमानीत रकम (आन्तरिक स्रोत बैक मौज्दात बाहेक) तपसिल बमोजिम रहेन अनुमान गरीयो ।

तपसिल

- संघिय समानिकरण बाट १० करोड ५२ लाख
- संघिय राजश्व बाडफाड ८ करोड २७ लाख ४७ हजार
- प्रदेश समानिकरण १ करोड ६ लाख ९८ हजार
- प्रदेश सवारी कर २ करोड ४४ लाख ९८ हजार

३) नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐनमा भएको व्यवस्था बमोजिम स्थानीय तहरुले असार १० गते भित्र नीति तथा कार्यक्रम र बजेट पेश गर्ने कानुनी व्यवस्था बमोजिम यस गाउँपालिकाको आ.ब. २०८०/०८१ को बजेट निर्माणको लागि सबै वडाहरुले टोल/बस्तीबाट आवश्यक योजनाहरु छनौट गरी वडा कार्यालयबाट ती योजनाहरुलाई प्राथमिकिकरण गरी मिति

भोटेकोशी गाउँपालिका
जुगेपिडकट्टी, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

२०८० जेठ १० गते भित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने साथै योजना छनौट गर्दा न्यूनतम ५ लाख रकम विनियोजन गर्ने गरी आयोजना तथा योजनाहरुहरु छनौट गर्ने निर्णय गरियो।

४) चालु आ.ब. २०७९/०८० मा यस भोटेकोशी गाउँपालिकामा संचालित योजना/आयोजना तथा कार्यक्रमहरुको मिति २०८० जेठ मसान्तसम्म मात्र भुक्तानी दिने निर्णय गरियो ।

५) यस भोटेकोशी गाउँपालिको चालु आ.ब. २०७९/०८० का तपसिल बमोजिमका शिर्षकहरुलाई रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

क) चालु खर्च तर्फ :

घटाउने

- कर्मचारी कल्याण कोष- रु ३ लाख
- पदाधिकारी र अन्य सुविधा - रु ६ लाख २५ हजार
- कर्मचारी प्रोत्साहन भत्ता — रु ४ लाख ५० हजार
- १० दिने काज सहितको पर्यटन भ्रमण खर्च - रु २ लाख ५० हजार
- पोषाक भत्ता - रु १ लाख ५० हजार
- अन्य संस्था सहायत - रु १ लाख २५ हजार
- अन्य सामाजिक सहायता - रु १ लाख २५ हजार

बढाउने

- पदाधिकारी ईन्धन - रु १ लाख ७५ हजार
- पानी विजुली -१ लाख २५ हजार
- खेलकुद उत्सव महोत्सव सास्कृतिक कार्यक्रम - ३ लाख
- पत्र पत्रिका तथा सूचना प्रकाशन - १ लाख २५ हजार
- कार्यालय सम्बन्धि खर्च - २ लाख
- घरभाडा - रु ३ लाख ७५ हजार
- कार्यालय ईन्धन - रु २ लाख
- सवारी साधन मर्मत - रु २ लाख ७५ हजार
- विज्ञापन सूचना प्रकाशन - रु १ लाख ५० हजार
- विविध कार्यक्रम - रु ७५ हजार

ख. पूजिगत खर्च तर्फ (मिति २०७९ चैत्र २० को कार्यपालिकाको निर्णय नं ४, ५ र ६ का सम्बन्धमा)

घटाउने :

- गाउँपालिका प्रशासकीय भवन कम्पाउण्ड तथा सेयर वाल निर्माण- रु २० लाख
- गाउँपालिकाको प्रशासकीय भवन क्रमागत - रु ४० लाख

नयाँ योजना थप गर्नेः

- गूरु रिम्पोच्छे पार्क, नारायणथान - रु२० लाख
- सेलाङकट्टी साङछोलिङ गुम्बा स्तोरन्नती तथा किचेन र शौचालय निर्माण -रु२० लाख
- बोक्चेन नामथाङ मोटर बाटो — रु २० लाख

भोटेकोशी गाउँपालिका फुल्पिङकट्टी, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७२

६) यस भोटेकोशी गाउँपालिकामा निर्माणधिन गाउँपालिकाको प्रशासनिक भवनको निर्माणको कार्य सम्पन्न भएको हुँदा कार्य सम्पादन प्रतिवेदन बमोजिमको रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

७) भोटेकोशी गाउँ पालिकाको कार्यालय, भोटेकोशी पावर कम्पनी र सरोकारवाला मुल समिति/उपभोक्ता समिति वीच मिति २०७९ चैत्र १४ गते भएको सहमतिको कार्यान्वयन सम्बन्धमा गाउँ कार्यपालिकाको च. नं. १६२१ मिति २०७९ चैत्र २२ को पत्रमा भोटेकोशी गाउँपालिका र भोटेकोशी पावर कम्पनी विच विभिन्न मितिमा सम्झौता भए वमोजिम बुदा नं ३ र ७ आ.ब. २०८०/८१ मा बुदा नं. ४,९,१६,१७,१८ आ.ब. २०८१/०८२ मा र बाँकी बुदाहरु आ.व. २०८२/०८३ मा कार्यान्वयनको लागि आवश्यक दर रेट हाईड्रोको दर रेट प्रयोग गरी आयोजनाको मुल समिति (उपभोक्ता समिति) सँग सम्झौता गरी आयोजनाको कुल लागत र सम्झौताको विवरण यस गाउँपालिकालाई उपलब्ध गराईदिन हुन भनी लेखि पठाई सकिएकोले सोहि वमोजिम उक्त हाईड्रोको दर रेटमा गाउँपालिकाको रोहवरमा मिति २०७९ असार २८ मा गठित उपभोक्ता समितिसगँ सम्झौताका लागि सिफारिसका साथ पूनः पत्र पठाउने निर्णय गरियो ।

८) चालु आ.ब. २०७९/०८० मा यस भोटेकोशी गाउँपालिकामा रहेका सडकहरु मर्मत संभार गर्दा प्रयोग भएको मेशिनको भाडा भुक्तानीको लागि सम्बन्धित हाईड्रोहरुले सो रकम दिने नदिने सम्बन्धमा गाउँपालिकाबाट लिखित रुपमा पत्राचार गर्ने निर्णय गरियो ।

९) यस भोटेकोशी गाउँपालिकाको शिक्षा समतिको मिति २०८० वैशाख २८ गते भएका निर्णयहरु अर्को कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

१०) यस भोटेकोशी गाउँपालिकाले छिमेकी देश लगाकयत अन्य अन्तराष्ट्रिय समुदायहरु/स्थानीय सरकारहरु सगँ सम्बन्ध प्रवर्धनको लागी नियमानुसार परामर्श सेवा खरिद गर्ने निर्णय गरियो ।

११) जल तथा मौसम विज्ञान विभागसँगको समन्वयमा तोकिएको ठाउँमा एक वटा रेन गज्ज स्टेशन (Rain Gauze Station) निर्माण गर्ने निर्णय गरियो ।

१२) तपसिल बमोजिमका शिर्षक परिवर्तन गर्ने

क. यस भोटेकोशी गाउँपालिकाको चालु आ ब को वडा नं ४ मा पक्की नाला निर्माण योजनाको शिर्षक परिवर्तन गरी जिरोकिलो लाङखोला देखी सेलाङकट्टि सडक स्तरोन्नति कायम गरी योजना अनुमोदन गर्ने निर्णय गरियो ।

ख. मिति २०७९ चैत्र २ को कार्यपालिकाको निर्णय नं. २ (ख) मा उल्लेखित खुकुण्डोल, फुल्पिङकट्टी सडक पहिरो रोकथाम योजनाको नाम परिवर्तन गरी आटक खुकुण्डोल खानेपानी योजना कायम गर्ने निर्णय गरियो ।

१३) विविध

क. भोटेकोशी गाउँपालिकाको न्यायीक समितिको मिति २०८० बैशाख २४ गतेको वादी पद्मलाल श्रेष्ठ र प्रतिवादी गिता माया पौडेलको नाममा जारी आदेश कार्यान्वयन गर्ने निर्णय गरियो ।

ख. कानुनी परामर्श सेवा खरिदवापतको सम्झौता अनुसारको रु ३४२०००/- अक्षेरुपी तीन लाख बयालिस हजार मात्र) बहस तथा पैरवी (परामर्श सेवा) २२४११ र कानुनी सल्लाहाकार पारिश्रमिकबाट भुक्तानी दिने निर्णय गरियो ।

ग. चाकु मार्मिङ सडक डि.पि.आर. सहितको रु ३ करोड ५० लाख मध्ये प्रतिस्पर्धाबाट ठेक्का सम्झौता भई बचेको रकम मध्ये रु ४० लाखबाट चाकु मार्मिङ सडकको ठेक्काको चेनेज र सडक बोर्डको चेनेज बाहेकको ठाउँमा चाकु मार्मिङ सडक ढलान तथा स्तरोन्नती गर्ने निर्णय गरियो ।